# नेपाल सरकार
## अर्थ मन्त्रालय
## सार्वजनिक ऋण व्यवस्थापन कार्यालय
## त्रिपुरेश्वर , काठमाडौं

**<u>स्टेशनरी खरीद सम्वन्धी सिलबन्दी दरभाउपत्र  आह्वानको सूचना</u>**

प्रथम पटक प्रकाशित मिति : २०८१/०८/१८

यस कार्यालयलाई आ.ब. २०८१।८२ का लागि आवश्यक पर्ने देहाय बमोजिमको कार्य गर्न इच्छुक इजाजत प्राप्त फर्म/कम्पनीले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

१. दरभाउपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको संलग्न तालिकामा उल्लेख भएको दिनको कार्यालय समयसम्ममा फर्म/संस्था/कम्पनीको लिखित निवेदन (फर्म दर्ता, मूल्यअभिवृद्धि कर/स्थायी लेखा नम्बर प्राप्त दर्ता र आ.व. २०८०/८१ को करचुक्ता प्रमाणपत्र संलग्न गरी) पेश गरी यस कार्यालयबाट सूचनामा उल्लेखित दस्तुर बुझाई खरिद गर्न सकिने छ।

२. दरभाउपत्र जमानत वापत दरभाउपत्रदाताले संलग्न तालिकामा उल्लेख भएको रकम बराबर यस कार्यालयको नाममा मान्यताप्राप्त  वाणिज्य बैकबाट जारी भएको बैक जमानत पत्र वा कोष तथा लेखा नियन्त्रक कार्यालय.बबरमहल काठमाडौंको  नेपाल राष्ट बैंकमा रहेको धरौटी खाता नं. १२०१२००००१००२५२४ कार्यालय कोड नं ३०५०५३५०१ मा यस कार्यालयको तर्फबाट  रकम जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न हुनु पर्नेछ। बैक जमानतको हकमा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिले ७५ दिन सम्मको मान्य अवधि (भ्यालिडिटी पिरियड) भएको हुनुपर्नेछ। सिलवन्दी दरभाउपत्रको मान्य अवधि ४५ (पैतालसि) दिनको हुनेछ।

३. दरभाउपत्रदाताले  दरभाउपत्र खरिद गरी  तोकिएको समयभित्र  *दरभाउपत्र* फाराम सिलबन्दी गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिले तालिकामा उल्लेख भएको दिन र समयभित्र यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ।

४. दर्ता हुन आएका दरभाउपत्र फारामहरु तलिकामा उल्लेखित दिनभित्र यस कार्यालमा उपस्थित फर्म/कम्पनी र अन्य प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर कम्पनी/फर्मको प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन। दरभाउपत्र खोल्न सहभागी हुन चाहने फर्म/कम्पनीका प्रतिनिधिलाई आधिकारिक पत्र सहित आफ्नो पहिचान खुल्ने परिचयपत्र अनिवार्य रूपमा लिई आउनु हुन अनुरोध गरिएको छ। अन्यथा दरभाउपत्र खोल्ने स्थानमा प्रवेश दिइने छैन। दरभाउपत्र फाराम खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन एवम् दरभाउपत्र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा ती कार्यहरु भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा गरिनेछ।

५. दरभाउपत्रदाताको कानुनी ग्राह्यताको आधार तथा त्यस्तो आधार प्रमाणित गर्न दरभाउपत्रदाताले सिलबन्दी दरभाउपत्रसाथ देहायका कागजातहरु पेश गर्नुपर्नेछ

(क) फर्म/संस्था/कम्पनीदर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

(ख) मूल्यअभिवृद्धि कर र स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

(ग) खरिद कारबाहीमा भागलिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणाको सक्कल प्रति

(घ) आ.व.२०८०/८१ सम्मको करचुक्ताको प्रमाणीत प्रतिलिपी

(ङ) फर्म/कम्पनीले आधिकारिक रूपमा प्रतिनिधि नियुक्त गरेको सक्कलै पत्र।

६. दरभाउपत्र फाराम बुझाउँदा सिलवन्दी गरी खामको बाहिर *" यस कार्यालयको नाम, सिलबन्दी दरभाउपत्र नं. र विवरण "* स्पष्टसंग उल्लेख गर्नु पर्नेछ।

७. दरभाउपत्रदाताले उल्लेख गर्नुपर्ने विवरणहरु पूर्ण रुपमा उल्लेख नगरेको, दरभाउपत्र फाराम र यसै सूचनाको बुँदा नं. ५ मा उल्लेख गर्नुपर्ने भनिएका कागजातहरु दरभाउपत्रसाथ समावेश नगरेको र सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम रीत नपुगी आएको दरभाउपत्रहरु उपर कुनै कारवाही गरिने छैन।

८. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ।

९. माथि उल्लेखित शर्तहरु बाहेक अन्य कुराहरु दरभाउपत्र फाराम एवं प्रचलित कानुन अनुसार हुनेछ।

१०. यस सम्बन्धी थप कुराको जानकारी आवश्यक परेमा कार्यालय खुलेको समयभित्र कार्यलयको जिन्सी शाखा तथा आर्थिक प्रशासन शाखामा सम्पर्क राख्न सकिनेछ।

| सि.नं. | दरभाउपत्र/ ठेक्का नं. | विवरण | दरभाउपत्र खरिद गर्ने अन्तिम दिन र समय | दरभाउपत्र बुझाउने अन्तिम दिन र समय | दरभाउपत्र खोल्ने दिन र समय | दरभाउपत्र फाराम दस्तुर रु. | लागत अनुमान रु (मू.अ.कर बाहेक) | दरभाउपत्र जमानत रकम रु.. |
|---|---|---|---|---|---|---|---|---|
| १ | PDMO-SQ-01/20८1/82 | कार्यालय सम्बन्धी विभिन्न सामानहरुको आपूर्ति | २०८१/०९/०२ दिनको ४ बजे | २०८१/०९/०३ दिनको १२ बजे | २०८१/०९/०३ दिनको १ बजे | १०००।०० | ११८२५४७।६७ | ३५०००।०० |